# विहादी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

मितिः २०८१-१२-२६

**हार्दिक अपिल**

विहादी गाउँपालिका शिक्षाको ज्योतिलाई सदैव उच्च सम्मान गर्दछ। हाम्रा शिक्षकहरू राष्ट्र निर्माणका सारथी हुन्, जसको अथक परिश्रम र समर्पणले नै देशको भविष्य उज्ज्वल बन्दछ। वर्तमानमा देशव्यापी रूपमा जारी रहेको शिक्षकहरूको आन्दोलनप्रति विहादी गाउँपालिका पूर्ण रूपमा एकताबद्ध छ। नेपालको संविधान, २०७२ जारी भई देश संघीय संरचनामा प्रवेश गरेको र दुईवटा निर्वाचन सम्पन्न भई प्रतिनिधिसभाको दोस्रो कार्यकालको आधा समय बितिसक्दा पनि विद्यालय शिक्षासँग सम्बन्धित संघीय शिक्षा ऐन जारी हुन नसक्नु दुःखद हो। यसैगरी, शिक्षकहरूसँग पटक-पटक भएका सहमतिहरू कार्यान्वयन नहुँदा आन्दोलनमा उत्रिन बाध्य भएको अवस्थालाई हामी गम्भीरतापूर्वक महसुस गर्दछौं। यस आन्दोलनका कारण यस गाउँपालिका अन्तर्गतको पठनपाठन, शैक्षिक सत्रको अन्त्यमा हुनुपर्ने उत्तरपुस्तिका परीक्षण, नतिजा प्रकाशन, समीक्षा, विश्लेषण जस्ता महत्वपूर्ण कार्यहरू र नयाँ शैक्षिक सत्रका लागि विद्यार्थी भर्ना, वार्षिक कार्ययोजना निर्माण, विभिन्न विषयमा तालिम तथा कार्यशाला जस्ता अत्यावश्यक गतिविधिहरू प्रभावित भएका छन्।

हामी नेपाल सरकारलाई शिक्षक महासङ्घसँग विगतमा भएका सम्झौताहरूलाई मनन गर्दै उहाँहरूका जायज मागहरूलाई तत्काल सम्बोधन गर्न हार्दिक अनुरोध गर्दछौं। अविलम्ब विद्यालय शिक्षा ऐन जारी गरी यो समस्याको स्थायी समाधान खोजिनुपर्छ, शिक्षकहरूको मनोबल उच्च राख्न र उत्साहित बनाउन उहाँहरूका मागहरूको उचित सम्बोधन अपरिहार्य छ। हामी विश्वास गर्दछौं कि सरकारले यस विषयको गम्भीरतालाई बुझी सकारात्मक कदम चाल्नेछ, जसले शिक्षा क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउनेछ। अन्त्यमा, विहादी गाउँपालिका शिक्षा क्षेत्रको स्थायित्व र प्रगतिका लागि शिक्षकहरूको आत्मसम्मानको रक्षा गर्दै उहाँहरूका मागहरू पूरा गर्ने वातावरण निर्माण गर्न नेपाल सरकारसँग जोडदार आग्रह गर्दछ। साथै, यस गाउँपालिका शिक्षकहरूको मागप्रति आफ्नो पूर्ण समर्थन र ऐक्यबद्धता जाहेर गर्दछ।हामी शिक्षाको उन्नयनका लागि सबै सरोकारवालाहरूसँग सहकार्य गर्न सदैव तत्पर रहने प्रतिबद्धता व्यक्त गर्दछौं।

परदिन गुरुङ
अध्यक्ष